# स्थानीय राजपत्र


| सूर्यगढी गाउँपालिका, चोकदे, नुवाकोटद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ११ | संख्या १ | मितिः २०८३/०१/२३ |


## भाग २

## सूर्यगढी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०१/२२

सम्वत् २०८३ सालको कार्यविधि संख्या १

## सौर्य उर्जा उत्पादन तथा बिक्री सम्बन्धी कार्यबिधि, २०८३

**प्रस्तावना:** स्थानीय तहको सेवाक्षेत्रभित्र स्थानीय तह, साझेदार कम्पनी र स्थानीय जनताको पूँजी परिचालन गरी नवीकरणीय उर्जाको विकास र विक्री गर्दै गाउँपालिकाको आन्तरिक आय वृद्धि तथा स्थानीय रोजगारी सिर्जना र वातावरण संरक्षणमा योगदान पुर्‍याउन  स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी सूर्यगढी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त  नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सौर्य उर्जा उत्पादन तथा बिक्री सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखी लागू हुनेछ।

२. **परिभाषा:**विषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोजना" भन्नाले गाउँपालिका र गाउँपालिकाले समान उद्देश्य भएका कम्पनी सँग साझेदार गरी सञ्चालन हुने सौर्य विद्युत आयोजना सम्झनु पर्दछ।

(ख) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनुपर्दछ।

(ग) "गाउँपालिका" भन्नाले सूर्यगढी गाउँ कार्यपालिका,चोकदे सम्झनुपर्दछ।

(घ) "साझेदार कम्पनी" भन्नाले कम्पनी ऐन,२०६३ बमोजिम संस्थापित नवीकरणीय उर्जाको विकास,विस्तार,बिक्री र अनुसन्धानात्मक क्षेत्रमा कार्य गर्ने कम्पनी सम्झनुपर्दछ।

(ङ) "स्थानीय जनता" भन्नाले सूर्यगढी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने नेपाली नागरीक सम्झनुपर्दछ।

(च) "जग्गा" भन्नाले सूर्यगढी गाउँपालिका भित्र पर्ने र आयोजना सञ्चालन गर्नको प्राविधिक रुपले उपयुक्त भएको जग्गा सम्झनुपर्दछ।

### परिच्छेद-२

### कम्पनी संस्थापना र लगानी सम्बन्धी व्यवस्था

३. **कम्पनी संस्थापना सम्बन्धी व्यवस्था:**(१) गाउँपालिकाले साझेदार कम्पनी सँगको साझेदारीमा कम्पनी ऐन,२०६३ बमोजिम कम्पनी संस्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्थापना हुने कम्पनीका लागी यस गाउँ कार्यपालिकाले साझेदार गर्न, साझेदार कम्पनीको उद्देश्य र कार्यक्षेत्र यस कार्यविधि बमोजिम संस्थापना हुने कम्पनी सँग मेल खाने हुनुपर्नेछ।

४. **लगानी सम्बन्धी व्यवस्था:** (१) गाउँपालीकाले दफा ३(१) बमोजिम संस्थापित कम्पनीमा न्युनतम ५१ प्रतिशत वा सो भन्दा बढी शेयर लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संस्थापित कम्पनीमा गाउँपालिकाले लगानी गर्न आवस्यक रकम गाउँपालिकाको वार्षिक बजेटबाट विनियोजन गरिनेछ।

(३) गाउँपालिकाले आफ्नो स्वामित्वको शेयरको केही अंश स्थानीय जनतालाई विक्री गर्न सक्नेछ।

(४) गाउँपालिकाले लगानी गर्नु पूर्व आयोजनाको विस्तृत आयोजना प्रतिवेदन,वित्तिय विश्लेषण र जोखिम मुल्यांकन प्रतिवेदन गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्नेछ।

(५) लगानी सम्झौता गर्दा गाउँपालिकाको हित प्रतिकुल हुनेगरी साझेदार कम्पनीसँग सम्झौता गरिनेछैन।

## परिच्छेद-३

## कम्पनी संचालन तथा व्यवसस्थापन सम्बन्धी व्यवस्था

५. **संचालक समिति:** (१) उपदफा ३(१) बमोजिम संस्थापित हुने कम्पनीको संचालक समितिमा गाउँपालिकाको शेयर स्वामित्व बमोजीम गाउँपालिकाको प्रतिनिधित्व हुनेछ र गाउँ कार्यपालिकाको बैठकले संचालक समितिका सदस्यहरु मनोनीत गर्नेछ।

(२) संचालक समिति निम्न बमेजिम हुनेछः

(क) गाउँ कार्यपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँकार्यपालिका बाट मनोनीत वडा अध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) साझेदार कम्पनीका प्रतिनिधि २ जना - सदस्य

६. **जग्गा व्यवस्थापन:**(१) आयोजनाका लागि आवस्यक जग्गा प्रचलित कानून बमोजिम लिजमा लिन सकिनेछ।

(२) गाउँ कार्यपालिकाको स्वामित्वमा जग्गा भएमा प्रचलित कानुनी व्यवस्थाको पालना गरी संस्थापना भएको कम्पनीलाई लिजमा उपलब्ध गराउन सकिनेछ।

(३) आयोजना कार्यान्वयन हुने क्षेत्रमा साझेदार कम्पनीको जग्गा भएमा प्रचलित नियमअनुसार संस्थापना भएको कम्पनीले लिजमा लिन सक्नेछ।

(४) जग्गाको लिज अबधि आयोजनाको अनुमतीपत्र अबधी सम्म मात्र हुनेछ।

## परिच्छेद-४

## लाभांश सम्बन्धी व्यवस्था

७. **लाभांश सम्बन्धि व्यवस्था:**(१) उपदफा ३(१) बमोजिम संस्थापना भएको कम्पनीको लाभांश गाउँ कार्यपालिका,साझेदार कम्पनी र स्थानीय जनताको शेयर स्वामित्वको आधारमा संचालक समितिको निर्णयअनुसार बाँडफाँड गरिनेछ।

(२) गाउँ कार्यपालिका लाई प्राप्त हुने लाभांश रकम गाउँ कार्यपालिकाको संचित कोषमा जम्मा गरिनेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त रकम गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिम शिक्षा,स्वास्थ्य,खानेपानी लगायत स्थानीय पूर्वाधार विकास र रोजगार सिर्जना हुने कार्यमा खर्च गरिनेछ।

(४) कम्पनी निरन्तर घाटामा गई लाभांश प्राप्त नहुने अवस्था आएमा गाउँपालिकाले कुनै पनि प्रकारको थप आर्थिक व्ययभार बेहोर्नेछैन।

## परिच्छेद-५

## अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

८. **अनुगमन सम्बन्धी व्यवस्था:**(१) गाउँ कार्यपालिकाले संस्थापित कम्पनीको काम कारवाहीको नियमित अनुगमन गर्न निम्न बमेजिम ५ सदस्यीय अनुगमन समिति गठन गर्नेछ।

(क) गाउँ कार्यपालिकाको उपाध्यक्ष - संयोजक

(ख) आयोजना कार्यान्वयन हुने वडाका वडाअध्यक्ष - सदस्य

(ग) गाउँ कार्यपालिकाको लेखा अधिकृत - सदस्य

(घ) सम्बन्धित शाखा प्रमुख - सदस्य

(ङ) साझेदार कम्पनीका प्रतिनिधि १ जना - सदस्य

(२) उपदफा (१) बमोजिम गठित अनुगमन समितिले मासिक रुपमा अनुगमन प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

९. **प्रतिवेदन पेश गर्नुपर्ने:**(१) उपदफा ३(१) बमोजिम संस्थापित कम्पनीले भौतिक तथा बित्तिय प्रगति प्रतिवेदन चौमासिक रुपमा गाउँ कार्यपालिकामा अनिवार्य पेश गर्नुपर्नेछ।

(२) उपदफा ३(१) बमोजिम संस्थापित कम्पनीको वार्षिक लेखापरीक्षण प्रतिवेदन गाउँ सभामा पेश गर्नुपर्नेछ।

## परिच्छेद-६

## विविध

१०. **बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवस्यक निर्णय गरि त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

११. **प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुनेछ।

(२) यस कार्यविधिको व्यवस्था अन्य नेपाल कानूनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित नेपाल कानूनमा भएको व्यवस्था लागू हुनेछ।

आज्ञाले,
शैलेश किरण राई चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत